
स्वदेशवाद बहुलराष्ट्रवाद सामुदायिक समाजवाद

"राज्यविहीन राष्ट्रहरु एक होऔं । राष्ट्रिय मुक्ति क्रान्तिको दिशामा अगाडी बढौं ।"

# हाम्रो अपिल





# राष्ट्रिय मुक्ति पार्टी नेपाल

केन्द्रीय समिति, काठमाण्डौं

स्था: २०८१

आदरणीय जनसमुदाय,

वर्तमान विश्व परिवेशलाई विद्वानहरूले "अनिश्चितता र भ्रमको युग" को रूपमा व्याख्या गरेका छन् । यो अवस्थाले हाम्रो समाजमा गहिरो असर पुर्‍याउँदैछ । अर्थात् नेपाली समाज भित्र पनि ठूलो विचलनको स्थिति पैदा भएको छ । वर्तमान व्यवस्थाले लोकतन्त्र, गणतन्त्र, मानवअधिकार, र समृद्धिको नाममा केवल एकल वर्ण, वर्ग र समूहको सेवा गरिरहेको छ । यसले उत्पीडित, उपेक्षित, र बहिष्कृत जनताहरूलाई परिधिमा थप धकेल्ने काम गरिरहे । सामाजिक, सांस्कृतिक, राजनीतिक, र आर्थिक क्षेत्रहरूमा देखिएका चुनौतीहरूप्रति हाम्रो दृष्टिकोण केवल प्रतिक्रियात्मक मात्र होइन बरु अवसर खोज्ने र समाधान प्रस्तुत गर्ने खालको हुनुपर्छ । यसका लागि अब नयाँ सोच, वैकल्पिक दृष्टिकोण र रणनीतिक कदमहरू आवश्यक छन् ।

नेपाल देशको अन्तर्राष्ट्रिय सिमा निर्धारण, गोर्खाका राजा पृथ्वी नारायण शाहको राज्य विस्तार र त्यसपछि सुगौली सन्धि एवं नयाँ मुलुकको प्राप्ति पश्चात भएको हो । यसरी गोर्खा राज्य विस्तार हुदा अनेकौ सार्वभौम राज्य सहित विविध संस्कृति पनि यस सरहद भित्र रहन गयो । तत्काल बिद्रोह नहोस भनेरै राजा पृथ्वी नारायण शाहले निर्दिष्ट गरे "नेपाल चार जात छत्तिस वर्णको साझा फुलवारी हो, सबैलाई चेतना भया" । तर त्यसपछिका कुनै शासकमा उक्त चेतना आउन सकेन ।

यहाँका शासकले आफ्नो बाहेक सबै सँस्कृतिलाई सिध्याउन्ने प्रयास गरे, असभ्य भने, बिदेशी भने, अराष्ट्रिय भने, मासिन्या घोषित गरे । शाह राजाहरुको शासन केवल बंशको निम्ति, राणाहरुको शासन जहानको निम्ति, प्रजातन्त्रदेखि गणतन्त्रसम्मको शासन केवल एउटा नश्लको निम्ति गौरवको सत्ता हुन गयो । तर यो एक भ्रमपूर्ण आत्मगौरवयुक्त सत्ता थियो । अझ पश्चिमा ज्ञानको प्रभावमा परेर आधुनिकताको नाममा शासकले आफ्नै संस्कृती समेतलाई संकटमा पारे, जसलेगर्दा नेपाली समाज आज बिघटनको संघारमा पुगेको छ । पृथ्वीनारायण शाहले जगाउन खोजेको चेतना उनका बंश, जहाँनिया राणा शासक र नश्लीय सम्भ्रान्तहरुमा आउन सकेन ।

नेपालमा लोकतन्त्र, गणतन्त्र, मानवअधिकार, विकास, र समाजवादका नाममा उठाइएका बहसहरू सम्भ्रान्तको झूट, फरेब, र जनतालाई झुक्याउने प्रपञ्च सावित भएका छन् । नेपाल बहुल पहिचान र संस्कृतिको साझा थलो हो, मुख्यतः तीन बृहत पहिचान खस-आर्य, पहाडी आदिवासी र मधेशी-थारु तर दर्जनौं राष्ट्र (जाती/संस्कृती) समूहहरूको उपस्थितिले मुलुकलाई विविधतायुक्त बनाएको छ । तर, यी सबै समुदायलाई समान अधिकार र सम्मानसहितको साझा देश बनाउन असफल हुँदैगर्दा विभाजन र असमानता कायम छ । समाजमा एकता र समता सुनिश्चित गर्न नसक्नु नै देशका समस्याहरूको मूल जड हो ।

प्राकृतिक स्रोतहरूको ह्रास, सांस्कृतिक बहुलताको अस्वीकार, र स्वदेशी ज्ञानको उपेक्षाले हाम्रो राष्ट्रलाई कमजोर बनाएको छ । हाम्रो मनोविज्ञान नै मगन्ते बनाइदियो, पहिचान र स्वाभिमान गुम्यो, सभ्यता र संस्कृती दबाइयो, सुशासन र समृद्धीका सपना भत्काइयो । यस्तो विशाल ध्वंसकारी कार्यको नेतृत्व राजा महाराजाहरु र तत्पश्चात काँग्रेस र कम्युनिष्टहरुले गरे । आज उनीहरुका कारण हाम्रो सभ्यता संस्कृतिलाइ असभ्य भनियो, बहुलता, पहिचानलाइ इन्कार गर्ने काम भयो, हाम्रो उन्नत ज्ञान मास्ने काम भयो, हामीलाई पश्चिमा र विदेशमुखी बनाइयो । यहाँका स्वदेशी वहुल ज्ञान(दर्शन, कला, साहित्य, सौन्दर्यता)को संहार भयो, बहुल समाज व्यवस्थालाई निषेध गरे, ऐतिहासिक वहुल राष्ट्रहरुलाई राज्यविहिन बनाए । प्रकृतिको विनास गरायो । यसर्थ पश्चिमा ज्ञानले यावत समस्याहरुको सामना गर्नु त परको कुरा, समस्याको सिर्जनाकर्ता नै आफै रहेको प्रमाणित नै भइसक्यो । अतः अब पूर्वीय सभ्यतामा आधारित रहेको स्वदेशीय दर्शन मार्फत 'स्वदेशवाद'को पुनःस्थापन जरुरी भइसकेको छ ।

**समस्या हाँ छ ?**

अनिश्चितता र भ्रमको कारण वर्तमान समयमा नेपाल राज्य विफलता हुनुको कारण राज्य संचालनमा मुख्यतः तीन तत्वको गहिरो प्रभाव विध्यमान रहेको देखिन्छ । पहिलो तत्व उच्छेदवादी विषयवस्तुहरू (Nihilistic Themes) हुन् जसले हाम्रो ज्ञानशास्त्रीय विफलता (Epistemological Failures) र मूल्यको विनाश (Value

Destruction) गरायो तथा ब्रह्माण्डीय उद्देश्यहीनता (Cosmic Purposelessness) मा गएर हामीलाई फसाइयो । दोस्रो तत्व भनेको उपरोक्त कारणहरुले गर्दा शक्तीको उद्दण्डता (Power Arrogance) भयो तथा तेस्रो तत्वको रुपमा यी सबैको प्रवर्धनको निमित्त खडा गरिएको औपनिवेशिक शक्ती व्यूह (Colonial Power Matrix) हो । यसले गर्दा निम्नानुसारको समस्याहरु देखा पर्न गयो ।

**१)** संविधान निर्माणको क्रममा भएको ऐतिहासिक मधेश-थरुहट आन्दोलनलाई पहाड विरोधी, जातिय, साम्प्रदायिक, अपराधिक, भारतद्वारा संचालित आन्दोलन जस्ता कु-प्रचार गरि यसै बहानामा दुश्मन देशका दुश्मन नागरिक सरह वर्वरतापुर्ण दमन गरे । ६ महिनासम्म जनताले प्रतिरोध गरि रहे, बलिदान दिई रहे तर मधेश थरुहटका जनताको दुःखद हार भयो, आन्दोलन तुहिन पुग्यो । मुस्लिम, दलित, पिछडा वर्ग लगायतको सामाजिक न्यायको आन्दोलन पनि अगाडि बढन सकेन । निरन्तर आन्दोलनरत रहेका लिम्बुवान लगायत अन्य आदिवासी जनजातिहरुको पहिचानवादी आन्दोलन पनि निष्कर्षमा पुग्न सकेन ।

उपरोक्त सबै आन्दोलनहरु एकल नश्लीय शासन ब्यबस्था बिरुद्ध थियो तर त्यस बिरुद्ध गरिएका आफ्नै आन्दोलन समेत एकल आयामिक भए । हामी पहिचानवादीहरु पनि एकल आयामिक गोलचक्करमा फँसेकै कारण विगत चार दशक अघि शुरु भएको पहिचानवादी आन्दोलन शासकीय षडयन्त्रको शिकार भएर अथवा शक्ति अपुग भएर अधुरो रहन गयो । शासन पनि एकल नश्लीय र त्यस बिरुद्धको आन्दोलन पनि एकल आयामिक । त्यसैले त उत्पिडनमा परेका जनताले चाहेको जस्तो राजनीतिक उपलब्धि प्राप्त गर्न सकेन, देश पनि बन्न सकेन । अब गहिरो संकथन गरी हिमाल, पहाड, तराई मधेसका अधिकार एवं पहिचानवादी सम्पूर्ण उत्पीडित राष्ट्रियताहरु संयुक्त रुपमा एकतावद्ध भई वहुल राष्ट्रिय राज्य निर्माणको निम्ति राष्ट्रिय मुक्ति क्रान्ति अर्थात सम्पूर्ण क्रान्ति आवश्यक भैसकेको छ ।

**२)** संस्कृतिको आधारमा राष्ट्रवादको निर्माण र त्यसमै आधारित राजत्व हासिल हुन नसकेको हुनाले नै राज्यसत्ताको स्थिरता रहेन, देश विकासको निरन्तरता छैन, सार्वभौम र स्वतन्त्र देशको हैसियतमा राष्ट्रिय दृष्टिकोण बन्न सकेन, देश र जनता पर-शासीत र पर-निर्भर भए । हामीले स्पष्ट रुपमा देखिरहेका छौं कि राज्य र समुदायवीच अलगाव र सम्बन्ध विच्छेदको मनोविज्ञान तीव्र रुपमा बढीरहेको छ । यसलाई नरोक्ने हो भने देश गम्भीर दुर्घट्नामा कुनै पनि बेला फस्न सक्छ । राजनीतिक अस्थिरता र आर्थिक ठहराव भएर देशमा सुशासन कायम हुन् सकेको छैन र सम्वृद्धि हासिल गर्न सकेको छैन। यो दलदलबाट मुलुकलाई निकाल्न अनिवार्य छ ।

गहिरो संकथन गर्दा राष्ट्र/संस्कृति र राज्यत्व बिचको सम्बन्धबाट नै समृद्धि प्राप्त हुन्छ भन्ने निष्कर्ष संसारभरीको अनुभवले दिन्छ । नोबेल पुरस्कार प्राप्त बिभिन्न अर्थशास्ती समेतले समावेशी संस्थाहरूको आवश्यकता एवं साँस्कृतिक समुह र समृद्धि बिचको प्रत्यक्ष सम्बन्ध हुने कुरा भनेका हुनाले सुशासन र समृद्धि चाहनेहरु संयुक्त रुपमा एकतावद्ध भई देशको वर्तमान ४० बिलियनको अर्थतन्त्रलाई आर्थिक क्रान्ति मार्फत १५ बर्ष भित्र ५०० बिलियन सम्मको जिडिपी पुर्याउन अनिवार्य भएको छ । यसले गर्दा अहिलेको प्रति व्यक्ति आय सात गुणाले बढने छ, रोजगारी १५ गुणाले बढने छ । यस पुनित कार्यको निमित्त समुदायको मौलिक ज्ञान्, सिप, कलाको व्यवसायिकरण गरी स्वदेशी उत्पादनलाई बढावा दिने, बाह्य पुँजी भित्र्याउने, निर्यात बढाउने, आयात घटाउने लक्ष्य तर्फ पुर्याउन राष्ट्रिय मुक्ति क्रान्ति अर्थात सम्पूर्ण क्रान्ति आवश्यक भैसकेको छ ।

**३)** नेपालको राजनीति स्वदेशीय मौलिक सभ्यताबाट विमुख भई पश्चिमा ज्ञान र दर्शनमा आधारित हुँदा हाम्रो सभ्यता, मूल्य, र पहिचान कमजोर हुँदै गयो । स्वदेशीय जरा काटिएपछि नेपाली समाज परनिर्भर बन्यो, युवाहरू विदेश पलायन भए, कोहि पनि देशमा बस्न चाहेका छैनन् । नेपालको संविधान २०७२ पनि पश्चिमा ज्ञानसत्ताको आधारमा बनेको औपनिवेशिक दस्तावेज, जसले न जनताको स्वाभिमान प्रतिनिधित्व गर्न सक्यो, न त सार्वभौम राज्यको आधार निर्माण गरे । यसले बरु राज्य र समुदायबीच अलगाव बढाएर समाजलाई खण्डित गरिरहेको छ । पश्चिमा ज्ञान र सत्तामा आधारित आधुनिक विकासको नाममा हाम्रो मौलिकता, सभ्यता, र स्रोतहरूको विनाश भएको छ । विश्व सामु केवल उपभोक्ता बनाए । वस्तुको उपभोक्ता, संस्कृतिको उपभोक्ता, ज्ञानको उपभोक्ता जहाँ हाम्रो आफ्नो केहि रहेन । त्यसैले पराई र परको देश नै प्यारो लाग्न थाल्यो ।

यो समस्या केवल प्राविधिक नभई गहिरो वैचारिक संकट हो, जसले नेपाली जनताको स्वत्व र राजनीतिक दर्शनबीच खाडल सिर्जना गरेको छ । आयातित मार्क्सवादी र पूँजीवादी विचारहरूले नै स्थानीय सभ्यता र मूल्यहरूलाई कमजोर बनाउँदै यहाँको राजनीतिक संरचना औपनिवेशिक बनाएको छ । राजनीतिक हिसावले नेपाली समाज दोधारबाट लामो समय देखी गुज्रिरहेको छ । अब गहिरो संकथन गरी हिमाल, पहाड, तराई मधेसका अधिकार तथा पहिचानवादी सम्पूर्ण उत्पीडित राष्ट्रियताहरु सबै संयुक्त रुपमा एकतावद्ध भई वहुल राष्ट्रिय राज्य निर्माणको निम्ति राष्ट्रिय मुक्ति क्रान्ति अर्थात् सम्पूर्ण क्रान्ति सम्पन्न गर्न आवश्यक भैसकेको छ ।

**आदरणीय मित्रगण,**

राजनीतिको लागी राजनीति वा पार्टीको निम्ति एकथान पार्टी निर्माण गर्न खोजेका होइनौं । समस्याको खास अन्वेषण र समाधानको उपयुक्त उपाय आवश्यक छ । समस्याको समाधानको निम्ति अब क्रान्ति र क्रान्तिको निम्ति वैकल्पिक शक्ति निर्माणको खाँचो छ । यस्तो शक्ति, जसले समानता, र बहुलताको आधारमा समस्त नेपालीलाई प्रतिनिधित्व गरोस । हाम्रो प्रयास अब केवल पुराना संरचनाहरूलाई टालटुल वा सामान्य सुधारबाट होइन, नयाँ बिचार-साझा बिचार, नयाँ नेतृत्व-साझा नेतृत्व र नयाँ नेपाल-साझा, नयाँ योजना साझा योजना नेपाल निर्माणमा केन्द्रित हुनुपर्छ । यसको निम्ति राष्ट्रिय मुक्ति पार्टी नेपाल स्थापित भएको हो । यो विशाल कार्यभार पुरा गर्नु हामी सबैको दायित्व हो ।

नेपालको राजनीति बहुल राष्ट्रिय राज्यको स्वाभाविक दिशा तर्फ अगाडि बढछ । किनभने नेपाल राज्यको प्राकृतिक सत्ता भनेको बहुल राष्ट्रिय हो । त्यसैले अब समाजको स्वत्वसँग मेल नखाने वैचारिकी पराजित हुन्छ, स्वदेशीय सभ्यताको जगमा आधारित प्रणाली निर्माण हुन्छ । तसर्थ: देशका सबै प्रकारका विभेद, शोषण, र अन्यायलाई अन्त्य गर्दै, सबै वर्ग, समुदाय, जात-जाति, धर्म, र क्षेत्रका अधिकार, पहिचान सहित स्वशासन, सुशासन, र समृद्धि प्रदान गर्न अब एकीकृत संघर्षको आवश्यकता छ । विगतमा मधेशी, आदिवासी, जनजाति, थारु, दलित, मुस्लिम, पिछडिएका वर्गहरूले अलग-अलग आन्दोलन गर्दा भोगेका असफलताबाट पाठ सिक्दै, 'फोड र शासन गर' नीतिको विरुद्ध एकताबद्ध भएर 'जुटौं र आफ्नो सत्ता हासिल गरौं' । अब हाम्रो स्वतत्व बचाउने, देश बनाउने, बैभव प्राप्त गर्ने अर्को बिकल्प नै छैन । हामी सबै मिलेर नै नविन नेपाल निर्माणको सपना साकार गर्न सक्छौं ।

राष्ट्रिय मुक्ति पार्टी नेपालले सबै नेपालीका लागि समान अवसरको सुनिश्चितता लगायत संविधानमा समेत परिवर्तन ल्याउँदै सम्पूर्ण नेपालीको साझा बनाउने चार्टर जारी गर्ने भएको छ । स्वदेशी जनताको राजत्वको निम्ति, सभ्यता र संस्कृतिको पुनारोत्थानको निम्ति, सुशासन र समृद्धिको निम्ति सम्पूर्ण उत्पीडित जनता जुटेर उठे हाम्रो देशको गौरवशाली बैभव प्राप्त गर्न सम्भव छ ।

तसर्थ नयाँ नेपाल-साझा नेपाल निर्माण अभियानमा आर्थिक, भौतिक, र वैचारिक रूपमा सहभागी हुन बुद्धिजीवी एवं प्राध्यापक शिक्षक, पेशागत एवं कर्मचारी, समाजसेवी एवं पत्रकार, किसान एवं मजदुर, युवा एवं बिधार्थी, उधोगपति एवं ब्यापारी लगायत सबैमा सादर आह्वान गर्दछौं । तपाईंको योगदान स्वर्णिम युग निर्माणमा ऐतिहासिक छ, देशको मुहार फेरिने निश्चित छ । यो हाम्रो दायित्व र अवसर दुवै हो । अब समय आएको छ— एकताबद्ध भएर अघि बढ्ने, अब जुटौँ । स्वदेशवाद जिन्दावाद-जय मातृभूमि !

*सम्पूर्ण उत्पीडितहरु एक होऔं ! वहुलराष्ट्र राज्य निर्माण अभियानमा अघि बढौं ! राष्ट्रिय मुक्ति क्रान्ति सफल पारौं !*

**राष्ट्रिय मुक्ति पार्टी नेपाल**
**केन्द्रिय समिति**
**संखमुल, काठमाडौं**
Email: rastriyamuktiparty@gmail.com